स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

गणतन्त्र दिवस, २०८२ भव्यरूपमा मनाऔं

गणतन्त्र दिवस (जेठ १५ गते) को अवसरमा विभिन्न कार्यक्रमको आयोजना गरौं। लोकतान्त्रिक गणतन्त्रका उपलब्धिलाई संस्थागत गरौं। लोकतान्त्रिक अभ्यासलाई मजबुत बनाऔं ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल



सहकारी ठगी प्रकरणको कथामा बनेको फिल्म "महाभोज" यही बिहीबारबाट प्रदर्शनमा आउने तयारीमा छ। प्रदर्शनको दुई दिनअघि मंगलबार काठमाडौंमा फिल्मको विशेष शो आयोजना गरियो। जहाँ केही सीमित फिल्मकर्मीदेखि ५० भन्दा बढी सहकारी पीडितहरू उपस्थित भएका थिए। विशेष शोमा उपस्थित भएका निर्देशक तथा अभिनेता निश्चल बस्नेतले "महाभोज" हिट हुने दाबी नै गरेका छन्।

**आजको विचार...**



राजनीतिक.... *(दुई पेजमा)*

दुर्गा प्रसाद अर्याल

गत साता थिम पोस्टर सार्वजनिक गर्दै निर्माण घोषणा गरिएको फिल्म "द ब्लू लाइट" को प्रमुख भूमिकामा अभिनेता अर्पण थापा अनुबन्ध भएका छन्। यो फिल्म बलिराम चौहानले निर्देशन गर्दैछन्।



❒ वर्ष ३० ❒ अंक ३०३ ❒ २०८२ जेठ १५ गते बिहीबार 29 May 2025, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### आक्रमणमा १६ जनाको मृत्यु



**(रासस/एएफपी)**

गाजा, जेठ १४/गाजामा बुधबार भएको इजरायली आक्रमणमा १६ जनाको मृत्यु भएको उद्धारकर्ताहरूले बताएका छन् । पछिल्लो समयमा इजरायलले गाजामा आक्रमण बढाएको छ ।

"बिहानदेखि गाजा पट्टीमा इजरायली हवाई आक्रमणबाट १६ जनाको मृत्यु भएको छ", नागरिक रक्षा प्रवक्ता महमुद बासलले भने । बासलका अनुसार तीमध्ये नौ जना फोटो पत्रकार ओसामा अल-अर्बिडको परिवारका थिए र गाजाको उत्तरमा बिहान २ बजे उनीहरूको घरमा भएको आक्रमणमा मारिएका थिए । मध्य गाजामा भएको आक्रमणमा एउटै परिवारका अन्य छ जना सदस्यको मृत्यु भएको थियो । आक्रमणमा 'बालबालिकासहित' १५ जना घाइते भएका थिए । दक्षिणी गाजा सहर खान युनिस नजिकै एक नागरिक मारिएका छन् । एएफपीले सम्पर्क गर्दा इजरायली सेनाले सटीक समन्वय बिना त्यसो गर्न नसक्ने भन्दै आक्रमणमा टिप्पणी गर्न अस्वीकार गरेको छ ।

# गणतन्त्रका १७ वर्ष

*लामो संघर्ष र बलिदानपछि मुलुकमा गणतन्त्र घोषणा हुँदा जुन खालको उत्साह थियो, त्यसपछिको राजनीतिक खिचातानीले जनतालाई निरुत्साहित बनाएको छ । गणतान्त्रिक पद्धतिमा प्रवेश गर्दा पनि मुलुकले समृद्धिको बाटो पक्रन सकेको छैन, जसले गर्दा आम जनताको जीवनशैली बदलिएन । त्यसैकारण पनि जनतामा उतिबेला देखिएको आशा र उत्साह निराशामा बदलिएको हो । मुलकमा व्यवस्था परिवर्तन भए पनि जनताको अवस्था भने उस्तै छ ।*

**रामचन्द्र रायमाझी**

**पाल्पा, जेठ १५/** मुलुकमा गणतन्त्र स्थापनाको १७ वर्ष पूरा भएको छ । २०६५ साल जेठ १५ गते संविधान सभाको पहिलो बैठकले नेपालमा गणतन्त्र घोषणा गरेको थियो । झण्डै साढे दुई शताब्दी पुरानो शाहवंशीय राजतन्त्रको अन्त्यसँगै घोषणा गरिएको गणतन्त्र उमेरले वयस्क भए पनि अझै संस्थागत हुने क्रममै छ । प्रथम संविधान सभाबाट घोषणा भएको गणतन्त्रलाई दोस्रो संविधान सभाबाट २०७२ साल असोज ३ गते जारी भएको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रका रूपमा संस्थागत गऱ्यो । संवैधानिक दृष्टिले गणतन्त्रको अभ्यासले '१७ वर्ष उमेर' पार गरे पनि व्यवस्था माथिका प्रश्न र चुनौती भने अझ धारिला हुँदै गएका छन् । बितेका डेढ दशकमा भएका अभ्यासले गणतन्त्रप्रति गुनासो पनि उत्तिकै भइरहेको छ । यही मौकामा इतिहासको पानामा सीमित भइसकेको राजतन्त्र ब्युँताउने प्रयास चलिरहेका छन् । जनअसन्तुष्टिलाई उपयोग गर्दै लोकतान्त्रिक गणतन्त्रको ठाउँमा राजतन्त्र स्थापना गर्ने कुनै शक्तिशाली आन्दोलन गराउन खोजिएको छ । पूर्वराजा ज्ञानेन्द्रलाई अघि सारेर विभिन्न कोणबाट अहिले भइरहेका प्रयासको उद्देश्य त्यही हो । गणतन्त्र विरुद्ध जानसक्ने




शक्ति तत्काल तयार नभए पनि गणतान्त्रिक शक्तिको व्यवहारले व्यवस्थालाई कमजोर बनाइरहेको मान्न सकिन्छ ।

लामो संघर्ष र बलिदानपछि मुलुकमा गणतन्त्र घोषणा हुँदा जुन खालको उत्साह थियो, त्यसपछिको राजनीतिक खिचातानीले जनतालाई निरुत्साहित बनाएको छ ।

गणतान्त्रिक पद्धतिमा प्रवेश गर्दा पनि मुलुकले समृद्धिको बाटो पक्रन सकेको छैन, जसले गर्दा आम जनताको जीवनशैली बदलिएन । त्यसैकारण पनि जनतामा उतिबेला देखिएको आशा र उत्साह निराशामा बदलिएको हो । मुलकमा व्यवस्था परिवर्तन भए पनि जनताको अवस्था भने उस्तै छ ।

गणतन्त्र आएपछि जीवन बदलिने सोचेका बगनासकाली घोरबन्दाका ५८ वर्षीय माने कुमालले अहिले पनि पूर्खाले नै गरेको काम गर्नु परेको गुनासो गर्छन् । गणतन्त्र घोषणा हुँदा उनी बारी जोत्दै थिए । अहिलेसम्म पनि त्यही हलो जोतेरै जीवन चलाउदै आएक गुनासो छ । उनले भने " न हाम्रो काम फेरियो, न त हाम्रो स्थिति फेरियो,"उनले भने, "जस्तो हाम्रो पुर्खाको अवस्था थियो, हाम्रो पनि त्यस्तै रह्यो ।" २०६५ जेठ १५ गते देशमा गणतन्त्र आउँदा तानसेन जैसिचौपारीका बाले विक आरानमा फलाम थिच्दै थिए । फलामका औजार बनाउने पुर्खयौली पेसा भएको परिवारका उनीमा त्यति राजनीतिक चेत थिएन, तर २२ वर्षे जवानमा उनी पनि गणतन्त्र ल्याउन भन्दै गाउँलेहरुसँगै आन्दोलनमा होमिएका थिए । पछि देशमा गणतन्त्र आएको सुने । गणतन्त्र आएपछि देश र जनताको अवस्था फेरिने उनले सुनेका थिए ।

तर विकले सुनेको कुरा कहिल्यै साँचो लागेन । अहिले पनि उनी त्यही पूर्खौली पेशा गर्दै आएका छन् । उनीहरुसँगै धेरैले व्यवस्था परिवर्तनले जीवनमा खासै प्रभाव नपारेको बताउँछन् । मुलुकमा गणतन्त्र आएको १७ वर्ष पूरा भएको छ । तर, जनताको लामो संघर्ष र बलिदानपछि मुलुकमा गणतन्त्र आए पनि अहिलेसम्म उनीहरुको जीवनमा परिवर्तन आउन सकेको छैन् । समग्र मुलुकको विकास र जनताको आर्थिकस्तर उकास्ने भन्दा नेताहरु आफ्नै स्वार्थमा केन्द्रीत भएको अनुभूत जनताले गरिरहेका छन् ।

**आज १८ औं गणतन्त्र दिवस मनाइँदै**

अठारौं गणतन्त्र दिवस आज पाल्पासहित देशैभर विभिन्न कार्यक्रमको आयोजना गरी हर्षोल्लास साथ मनाइँदैछ । राजनीतिक दल, प्रदेश सरकार, स्थानीय तह र विभिन्न सैसंस्थाले गणतन्त्र दिवसका अवसरमा यसको महत्व उजागार गर्ने विभिन्न कार्यक्रम आयोजना गर्दै छन् ।

## प्रदेशसभा सदस्य गीता गुरुङ पदमुक्त



**लुम्बिनी, जेठ १४/**लुम्बिनी प्रदेशसभा सदस्य गीता गुरुङ पदमुक्त भएकी छन् । जनमत पार्टीबाट समानुपातिक तर्फबाट प्रदेशसभा सदस्य भएकी गुरुङ लगातार अनुपस्थित रहेको आधारमा पदमुक्त गरिएको हो ।

नेपालको संविधानको धारा १८० को खण्ड (घ) अनुसार प्रदेशसभामा पूर्वसूचना नदिइ लगातार १० वटा बैठकमा अनुपस्थित रहने सदस्यको पद रिक्त हुने व्यवस्था छ । सोही प्रावधानअनुसार सभामुख तुलाराम घर्ती मगरले गुरुङ पदमुक्त भएकोले सो स्थान रिक्त भएको घोषणा बुधबार बसेको छैटौं अधिवेशनको ११ औं बैठकमा गरेका थिए ।

प्रदेशसभा नियमावली, २०७९ को नियम १९० को उपनियम १ मा पनि कुनै सदस्यको स्थान रिक्त भएमा सभामुखले त्यसको जानकारी सभालाई दिनुपर्ने व्यवस्था छ । पाँचौं अधिवेशन अन्तरगत सम्पन्न ८३ वटा बैठकमध्ये उनी ३४ वटा बैठकमा मात्र सहभागी हुनुहुन्थ्यो । छैटौं अधिवेशनमा भने उनको कुनै बैठकमा उपस्थिति भएको छैन । सो अधिवेशनमा ११ वटा बैठक सम्पन्न भइसकेका छन् ।

जनमत पार्टी संसदीय दलका नेता चन्द्रकेश गुप्ताले सभामुखलाई पत्र पठाइ गुरुङले लगातार १० वटा बैठकमा अनुपस्थित भएकाले संविधानअनुसार उनको पद रिक्त घोषणा गर्न अनुरोध गरेका थिए । गुरुङको पद रिक्त भएपछि लुम्बिनी प्रदेशसभामा अब ८७ सिटमध्ये ८६ सांसद छन् ।

## पाल्पाका सुजनले गरे पूर्वपत्नी सहित दुई छोरीको हत्या

**हाम्रा सवाददाता**

**पाल्पा, जेठ १४/**पाल्पाको तानसेन नगरपालिका -७ बाघखोरका सुजन कोइरालाले पूर्वपत्नी सहित दुई छोरीको हत्या गरेका छन् । हाल बुटवल उपमहानगरपालिका-११, होराइजनचोकस्थित मिलीजुलीपथमा बस्दै आएका कोइरालाले बुधबार बिहान पूर्वपत्नी ३४ वर्षीया दीपा बस्याल र उनका छोरीहरू ७ वर्षीया स्नेहा र ४ वर्षीया हिमानी बस्यालको हत्या गरेका हुन् ।

उनीहरुलाई घरेलु हतियार हेम्बर र चक्कु प्रहार गरी हत्या गरेको पाइएको रुपन्देही प्रहरी प्रवक्ता डीएसपी सुरज कार्कीले जानकारी दिए । कोइरालालाई प्रहरीले नियन्त्रणमा लिएको छ । बुटवलकै आफ्नै घरमा बोलाएर



उनीहरुको हत्या गरेको तानसेन नगरपालिका -७ का वडा अध्यक्ष प्रदीप खनालले बताए । उनका अनुसार दीपा तानसेन -७ स्थित आधारभूत स्वास्थ्य केन्द्र कुन्सरेमा स्वास्थ्यकर्मीको रुपमा कार्यरत थिइन् । **-बाँकी अन्तिम पेजमा...**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY

# सम्पादकीय

## गणतन्त्र दिवसको मर्म

राजतन्त्रात्मक शासन व्यवस्थाको अन्त्य गर्दै नेपालमा गणतन्त्र घोषणा भएको दिनलाई गणतन्त्र दिवसका रुपमा मनाउने गरिन्छ । हरेक वर्षको जेठ १५ गते अर्थात् आजको दिन यो दिवस मनाउने गरिन्छ । लोकतन्त्रको लागि भएको ऐतिहासिक जनआन्दोलन २०६२/०६३ को भावना अनुरूप नेपालको अन्तरिम संविधान २०६३ कार्यान्वयनमा आएसँगै राजामा निहित रहेको शक्तिलाई हटाई गणतन्त्रात्मक शासन व्यवस्थाको लागि मार्ग प्रशस्त गर्ने काम भएको थियो । नेपाली जनताको बलिदानीपूर्ण संघर्षबाट २४० वर्षे जहानिया शासनको अन्त्य गर्दै जनताको जीत भएको दिन हो । आज १८ औं गणतन्त्र दिवस मनाउँदै गर्दा आम जनतामा उत्साह भने देखिदैन । जनताको लामो संघर्ष र बलिदानपछि मुलुकमा गणतन्त्र घोषणा हुँदा/गर्दा जुन खालको उत्साह थियो, त्यसपछिको राजनीतिक खिचातानी जनतालाई निरुत्साहित बनाउने किसिमको छ । गणतान्त्रिक पद्धतिमा प्रवेश गर्दा पनि मुलुकले समृद्धिको बाटो पक्रन सकेको छैन, जसले गर्दा आम जनताको जीवनशैली बदलिएन । त्यसैकारण पनि जनतामा उतिबेला देखिएको आशा र उत्साह निराशामा बदलिएको हो । एक हिसाबले भन्ने हो भने गणतन्त्रले आम जनताको जीवनस्तरमा बदलाव ल्याएन, बरु सीमित शासकीय वर्गले मात्रै त्यसको फाइदा उठाए । समाजको तल्लो तहले गणतन्त्रबाट अपेक्षित फाइदा लिनुपर्नेमा हुने–खाने वर्गमा मात्रै सीमित हुनु दुर्भाग्यपूर्ण अवस्था हो । जनताका प्रतिनिधिहरूले अधिनायकवादी राजतन्त्रको अन्त्य गरिदिएपछि मुलुक विधिवत् रूपमा गणतन्त्रमा प्रवेश गरेको हो । यो परम्परागत शासकीय पद्धतिको विस्थापनसँगै आम जनताको जीवनमा पनि प्रतिफल देखापर्ने अपेक्षा थियो । तर, जनताको आशामा तुषारापात भएको छ । यो अत्यन्त दुखद् हो ।

आर्थिक समृद्धिसहितको विकासले मात्रै जनताले बगाएको रगतपसिनाले सार्थकता पाउनेछ । तर अहिलेसम्म त्यसो हुन सकिरहेको छैन । जनआन्दोलनमा व्यक्त जनताको त्याग र बलिदानले स्थापित गरेको उपलब्धि सैद्धान्तिक रूपमा कार्यान्वयन भए पनि राजनीतिक दलले त्यसलाई व्यावहारिक रुप दिन अझै सकेका छैनन् । जनस्तरमा महशुस हुने गरी गणतन्त्र फस्टाउन नसक्नु दलहरुकै कमजोरी हो । गणतन्त्र दिवस मनाउनु राम्रो कुरा हो । तर, गणतन्त्रलाई जनताको आर्थिक, सामाजिक र सांस्कृतिक जीवनमा अनुवाद गर्ने कुरा चानचुने छैन । गणतन्त्र दिवस मनाउँदैमा गणतान्त्रिक मन र मस्तिष्क हुँदैन, गणतान्त्रिक आदर्श हुन सक्दैन । आचरण र व्यवहार गणतान्त्रिक हुनुपर्छ । जबसम्म जनस्तरमा परिवर्तनको अनुभूति हुन सक्दैन तबसम्म गणतन्त्र दिवसको मर्मले सार्थकता प्राप्त गर्न सक्दैन । यसर्थ दिवसको मर्मलाई आत्मसाथ गर्ने दिशामा सरकार र राजनीतिक दलहरुले ध्यान दिन जरुरी छ ।

### Opinion @ Social Network

जस्तो पुरुष छ त्यस्तै नारी मिल्छिन,
तेसैले नारीमा सीता खोज्नु भन्दा पहीले आफु राम जस्तो भएर देखाउ ।
(बैकुण्ठ घिमीरे को फेसबुक स्टाटस https://www.facebook.com/Bhaikuntha.123)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# राजनीतिक स्वार्थमा रुमलिएको गणतन्त्रका वर्षहरु



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

विधिको साशनको भजन गाउँदै बेथितिलाई प्रोत्साहन गर्ने साशन व्यवस्थालाई आज भोली गणतन्त्र रहेछ भन्दै छलफलको विषय बनाएको सुनिन्छ । गणतन्त्र जनताको साशन व्यवस्था हो । यो आफैमा खराब भने पक्कै होइन । यसलाई खराब, विकृत र आलोचनायुक्त बनाउने काम राजनीतिक दल र तीनका नेतृत्वको व्यवहार र कार्यशैली नै हो । हुन पनि गणतन्त्रका करीब १७ बर्ष केही न केही बेथिती, काण्ड, राजनीतिक आरोप प्रत्यारोप, राजनीति अस्थिरता र सरकार परिवर्तन जस्ता पक्षले प्राथमिकता पाएर वितेका कुरामा दुईमत नरहला । यहि कारण गणतन्त्रप्रति आशा भन्दा निराशाका स्वरहरु दिन प्रती दिन बढ्दै गएको अनुमान लगाउन सकिन्छ ।

जेष्ठ १५ गते अर्थात् आज गणतन्त्र दिवस भव्य रुपमा मनाउने तयारी सरकारको रहेको छ । यसैका नाममा देशको करोडौं रकम समाप्त हुने छ तर जनताको साशन व्यवस्था मानिने गणतान्त्रिक साशन व्यवस्था पछि गरिबी घट्ने, रोजगारीका अवसरहरु सिर्जना हुने, युवा विदेश पलायन र परिवार पालनका लागि विदेशी भूमिमा श्रम बेच्नु पर्ने अवस्थाको अन्त्य हुन्छ, देश विकासले गति लिने जुन कल्पना गरिएको थियो पुरा हुने दिशामा देश हिडेको देखिदैन् । यहि कारण व्यवस्थाप्रति आलोचना, निराशा र बिरोधका आवाजहरु बढ्दै गएको देखिन्छ । पहिले जस्तै सिमित वर्गले लाभ लिन, सिमित वर्ग रमाउने, तीनै वर्गले लाभ लिने आम जनताले परिकल्पना गरेको गणतन्त्रमा अटाउने थिएन् । गणतन्त्र दिवस, गणतन्त्रका विविध पक्षलाई लिएर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ । जनताको साशन व्यवस्था मानिने गणतान्त्रिक साशन व्यवस्था अभ्यासको करिव दुई दशक अवधि पुरा गर्दै गर्दा यसबाट राजनीतिक नेतृत्व र त्यसको वरपर घुमिरहने सिमित कार्यकर्ता बाहेक अधिकाश जनतामा सकरात्मक आशा जगाउन नसकेको कुरामा दुईमत रहँदैन् । जनताको साशन व्यवस्था मानिने गणतन्त्र पनि जनताको साशन व्यवस्था बन्न सकेको देखिदैन् । जनताको चाहना र आवश्यकता एकातिर देश सञ्चालन राजनीतिक दल र तीनका नेतृत्वको कार्यशैली र व्यबहार अर्को तिर हुनु यस साशन व्यवस्थाको सबै भन्दा खराव पक्षको रुपमा रहेको देखिन्छ । यहि कारण विस्तारै विस्तारै गणतान्त्रिक साशन व्यवस्थाका विपक्षमा मत बढ्दै गएको देखिन्छ ।

> *जेष्ठ १५ गते अर्थात् आज गणतन्त्र दिवस भव्य रुपमा मनाउने तयारी सरकारको रहेको छ । यसैका नाममा देशको करोडौं रकम समाप्त हुने छ तर जनताको साशन व्यवस्था मानिने गणतान्त्रिक साशन व्यवस्था पछि गरिबी घट्ने, रोजगारीका अवसरहरु सिर्जना हुने, युवा विदेश पलायन र परिवार पालनका लागि विदेशी भूमिमा श्रम बेच्नु पर्ने अवस्थाको अन्त्य हुन्छ, देश विकासले गति लिने जुन कल्पना गरिएको थियो पुरा हुने दिशामा देश हिडेको देखिदैन् । यहि कारण व्यवस्थाप्रति आलोचना, निराशा र बिरोधका आवाजहरु बढ्दै गएको देखिन्छ । पहिले जस्तै सिमित वर्गले लाभ लिन, सिमित वर्ग रमाउने, तीनै वर्गले लाभ लिने आम जनताले परिकल्पना गरेको गणतन्त्रमा अटाउने थिएन् । गणतन्त्र दिवस, गणतन्त्रका विविध पक्षलाई लिएर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।*

मन लागि नलागि राजतन्त्रको कुरा गर्न जनता बाध्य भएको देखिन्छ । देश सञ्चालकको कार्य शैलीलाई लिएर व्यवस्था माथि नै प्रशन उठाउने अवस्थामा जनता पुगेको देखिन्छ । जनताको साशन व्यवस्थामा उत्कृष्ट मानिने गणतन्त्रलाई कसरी सुधार गर्न सकिन्छ । देखिएका बेथिति अन्त्य कसरी गर्न सकिन्छ, कसरी यसलाई लोकप्रिय बनाउन सकिन्छ गणतन्त्र दिवसमा उल्लेखित पक्षलाई लिएर बहसको विषय बनाउनु पर्ने देखिन्छ । देश विकास र जनताको जीवनस्तर सुधार साशन व्यवस्था परिवर्तन हुँदैमा संविधान, ऐन कानुनका निर्जीव शब्दहरु परिवर्तन गर्दैमा हुँदो रहेन्छ भन्ने उदाहरण संविधान निर्माणको करिव एक दशक अवधि बेथित हुँदै गर्दा प्रष्ट भएको छ । राजनीतिक नेतृत्वको कार्य शैली, कार्य व्यवहारमा परिवर्तन नहुँदासम्म यी सबै अर्थहिन हुने रहे छन् । साशन व्यवस्था हैन साशन शैली परिवर्तन आजको आवश्यकता रहेको गणतन्त्रका यी वर्षहरुबाट प्रमाणित भएको छ । देश सञ्चालक मुख्य राजनीतिक दलका नेतृत्वले आफुहरु असफल हुँदा, आलोचित हुँदा पूर्व राजा तथा राजतन्त्र व्यवस्थालाई अन्य राजनीतिक दललाई, अन्तर्राष्ट्रिय देश तथा संस्थालाई दोष दिएर उम्कीन खोजेको देखिन्छ । यो साशन व्यवस्था सञ्चालकको सबै भन्दा खराब पक्ष हो । यसमा सुधार गरि जिम्मेवारिता र उत्तरदायित्व बहन गर्नु पर्ने प्रवृत्तिको विकास गर्नु पर्ने देखिन्छ ।

भ्यू टावर निर्माण गर्नु, रेल र पानी जहाजको सपना देखाउन साँचो विकास हैन । विकासले जनताको दैनिकी र जीवनस्तर सुधारमा महत्वपूर्ण भूमिका खेल्नु पर्दछ । गणतन्त्रमा जनताको आश यसैमा केन्द्रीत छ । धुलो मुक्त सडक यात्रा कहिले होला ? आम जनताको लागि वास्तवमा शिक्षा नि:शुल्क कहिले होला? आमनागरिकको जस्तो सुकै स्वास्थ्य उपचार नि:शुल्क कहिले होला ? सरकारले कर ,शुल्क र भन्सार शुल्क बाहेक अन्य आम्दानीको स्रोत कहिले खोज्ला ? सामान्य नागरिकसँग पनि आफ्नो नीजि गाडि कहिले होला ? जहाज चड्ने हैसियत कहिले बनाउलान ? रोजगारीको ग्यारेन्टी कहिले होला ? कामको खोजिमा विदेशिने र युवा पलायनको अन्त्य कहिले होला ? रेमिटान्स बाहेक राज्यको आम्दानीको स्रोत व्यापार कहिले बन्ला ? नागरिकको गाँस, बास र कपासको जिम्मा राज्यले कहिले लेला ? यी उल्लेखित प्रश्नको उत्तर आमनागरिकले प्राप्त गरेको दिन वास्तविक जनताको साशन व्यवस्था गणतन्त्रले सार्थकता पाउने देखिन्छ । तथ्यांक र सिद्धान्तमा हैन व्यवहारमा देश विकासउन्मूख अवस्थामा पुगेको ,जनताको जीवनस्तर सुधार भएको हेर्नु आजको आवश्यकता हो ।

**गणतन्त्रमा उत्पन्न बेथिति / कमजोरी :**

- अत्याधिक भ्रष्टचार बढ्दै जानु, सम्बन्धित निकायले काम गर्न नै नसक्नु ।
- वित्तीय अनुशाशन कायम गर्न नसक्दा बेरुजु र आर्थिक बेथिती बढ्दै जानु ।
- राज्यका निकायहरु नियन्त्रण बाहिर जानु ।
- राजनीतिक भागवण्डा कायमै रहनु ।
- राजनीतिक अस्थिरता उस्तै हुनु ।
- राजनीतिक हस्क्षेप अत्याधिक बढ्दै जानु ।
- देश र जनतामा केन्द्रीत हुनुपर्ने साशन व्यवस्था स्वार्थमा केन्द्रीत हुनु ।
- उहि र उनै सिमित वर्ग रमाउने, अवसर पाउने व्यवस्थामा रुपान्तरण हुनु ।
- असमानुपातिक र शक्तिको आडमा बजेट बाँडफाड हुनु ।
- विधिको साशन ,सुशाशन बोलीमा मात्रै सिमित हुनु ।
- संविधान, ऐन नियमको पालना हैन्, आफु अनुकुल प्रयोग गर्नु ।
- संवैधानिक निकायहरुले सरकारको हस्तक्षेपका कारण काम गर्न नै नसक्नु ।
- आदेश र स्वार्थको साशन सञ्चालनको अभ्यास हुनु ।
- जवाफदेहिता ,पार्दशिताको अभाव हुनु ।
- अपराधी ,ठगी कार्य बढ्दै जानु ।

**गणतन्त्रमा सुधार गर्नु पर्ने पक्षहरु :**

- कर, शुल्क र भन्सार दरमा कटौती गरी आम्दानीका विकल्प खोज्नुपर्ने ।
- राजनीतिक स्थिरता र स्थिर सरकारको खोजी गर्नु पर्ने ।
- राज्यका निकाय तथा संवैधानिक अङ्गहरुलाई स्वायतता प्रदान गर्नु पर्ने ।
- गुटगत स्वार्थ र स्वेच्छाचारी अवस्थाको अन्त्य हुनुपर्ने ।
- सरकारी खर्चमा मितव्ययीता अपनाउने ।
- सुशाशसन र विधिको साशनको पालना र अभ्यास हुनुपर्ने ।
- भ्रष्टचार र बेथितीको अन्त्य हुनुपर्ने ।
- दण्डहिन्ता र राजनीतिक आरक्षणको अन्त्य हुनुपर्ने ।

गणतन्त्रको विकल्प गणतन्त्र नै हो अब यसको विकल्पमा अर्को साशन व्यवस्था बन्न सक्दैन् । यसो भन्दै गर्दा यस साशन व्यवस्थामा मौलाउदै गएका बेथिती र विकृत पक्षमा सुधार गरिएन भने यो साशन व्यवस्था परिवर्तनका आवाज बढ्दै जानेमा दुईमत रहदैन् । साशन व्यवस्था अब देश र जनतामा केन्द्रीत हुन जरुरी देखिन्छ । राजनीतिक हस्तक्षेप, व्यक्तिगत स्वार्थ, राजनीतिक आरोप प्रत्यारोप, व्यक्तिगत इच्छा र इगोको आधारमा नभई देश र जनतालाई केन्द्रमा राखेर साशन सञ्चालन आजको आवश्यकता रहेको छ ।

**निष्कर्ष :**

लामो समयको प्रयास, दशंकौको बहस र छलफल, संयौको बलिदानी, लामो समयको आन्दोलन परिणाम हो गणतन्त्र । स-साना छालहरुले यसको जगलाई हल्लाउने तागत राख्न सक्दैनन् । गणतन्त्र आफैमा खराब र विकृत्त व्यवस्था होइन । राजनीतिक दलका नेतृत्वकर्ताको कार्य शैली र व्यवहारले यसलाई आलोचित बनाएको हो । यस व्यवस्थामा आज भोली बढ्दै गएको आलोचना र बिरोधका आवाजको प्रतिकार्यका लागि गर्न नै पर्ने एक मात्रै कार्य हो गणतन्त्रमा मौलाउदै गएको विकृत्तिको अन्त्य र यसको सुधार । गणतन्त्र दिवस - २०८२ को सम्पूर्णमा शुभकामना ।

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४


### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : राजकीय कार्यमा बाधा आउनेछ। स्वास्थ्यमा खानपिनको ध्यान राख्नुहोला । | **तुला** : नयाँ अवसरहरू मिल्नेछ।कार्य क्षेत्रमा सोचेजस्तो सफलता नमिल्ला। |
| **वृष** : इष्टमित्रहरूको सहयोग गर्नुहोस्। कार्यक्षेत्रमा बिलम्ब हुनेछ। | **बृश्चिक** :योजनाबद्ध तरिकाले कार्य गर्नुहोला। खानपिनको ध्यान राख्नुहोला। |
| **मिथुन** : कार्यक्षेत्रमा अगाडि बढ्नुहोस् । व्यापार व्यवसायमा लाभ मिल्नेछ। | **धनु** :समयमा अग्रज तथा सहयोगीहरू जुट्नाले सोचेको लाभ उठाउन सकिनेछ। |
| **कर्कट** : ठूलो समस्या उत्पन्न हुनसक्छ। नोकरी टाल्नु भन्दा पूरा गर्ने प्रयास गर्नुहोस्। | **मकर**: मिठो बोल्ने प्रयास गर्नुहोस्।छर छिमेकीको सहयोग मिल्नेछ। |
| **सिंह** : नकारात्मक विचार आउनेछ। संकटको समय मित्रहरूको सहयोग मिल्नेछ। | **कुम्भ** : जीवनमा सफलता मिल्नेछ। आफ्नो जिम्मेवारी निभाउने प्रयास गर्नुहोस्। |
| **कन्या** :कानुनी मामिलाहरू सुल्झिनेछन्। आफ्नो सामाजिक स्तर बढाउन सक्नुहुनेछ। | **मिन** : आयस्रोत बढ्नेछ । विवादास्पद कार्य सम्पादन गर्नमा सफल भइनेछ । |




बालकथा

# विपत्तिबाट यसरी बच्न सकिन्छ



कतिपय मानिसमा एक्लै हिँड्ने, एक्लै बस्ने, एक्लै खाने बानी हुन्छ तर यो राम्रो होइन । सामान्य अवस्थामा ठिकै भए पनि समय सधैँ एकनासको हुँदैन । जस्तोसुकै कठिन अवस्था आए पनि साथी बनाउने वा साथीसँग बस्नेहरूले सजिलै त्यसको सामना गर्न सक्छन् । एक्लै हिँड्नेहरूले भने महँगो मूल्य चुकाउनुपर्ने हुन सक्छ । भाइबहिनीहरूको जानकारीका लागि यहाँ यस्तै कथा प्रस्तुत गरिएको छ ।

धेरै पहिलेको कुरा हो मृग, परेवा र मुसामा राम्रो दोस्ती थियो । उनीहरू सँगै हिँड्थे, सँगै बस्थे, सँगै खान्थे । आपतविपद पर्दा एकले अर्कोलाई सघाउँथे । एक दिन कतै जाँदै थिए उनीहरूमध्येका साथी मृग शिकारीको जालमा फस्न पुग्यो । अब आपत पर्‍यो । के गर्ने गर्ने । तैपनि उनीहरूले धैर्य छाडेनन् र परेवाले सान्त्वना दिँदै भन्यो- 'मित्र हो ! यतिबेला हामीमाथि नसोचेको विपत्ति आइलाग्यो तर यो विपत्ति साथी मृगको मात्र नभई हामी सबैको हो । त्यसैले सबै मिलेर उम्कने प्रयास गर्नुपर्छ ।' परेवाको कुरामा समर्थन जनाउँदै मुसाले भन्यो- 'ठिक भन्यौ मित्र ! विपत्ति सबैको हो तर उम्कने पो कसरी ? कुनै तरिका सोचेका छौ भने भन है । जस्तोसुकै भूमिका निर्वाह गर्न पनि तत्पर छु ।'


त्यसपछि परेवाले आफ्नो योजना सुनाउँदै भन्यो- 'म सिकारी कहाँ छ भन्ने पत्ता लगाई कुनै तरिकाले अलमल्याउने काम गर्छु । त्यति बेलासम्म तिमीले काट्नुपर्छ ?'

'हो ठिक भन्यौ, त्यसै गरौँ' भन्दै मुसा जाल काट्न लाग्यो । परेवा सिकारी खोज्न हिँड्यो । केही पर पुगेको थियो सिकारी त्यतै बसेर शिकारको प्रतीक्षामा रहेको देख्यो । त्यसपछि उसले जीवनको बाजी लगाएर शिकारीलाई झम्टने काम गर्‍यो । पहिले त सिकारीले कुरै बुझेन । जब दालमा केही कालो छ भन्ने लाग्यो तब परेवाको वास्ता नगरी जाल भएतिर कुद्यो । त्यति बेलासम्म मुसाले जाल काटिभ्याएको थिएन । त्यसैले सिकारी खुसी हुँदै मृगलाई समाउने तरखर गर्न लाग्यो तर परेवा पनि हार खाने वाला थिएन । उसले थप जुक्ति निकाल्यो र आफ्ना समूहका थप परेवालाई बोलाएर शिकारीतिर मुकाविला गर्न लाग्यो । अब शिकारीलाई मृगभन्दा पहिले परेवालाई पन्छाउनुपर्ने भयो । ठिक यही बेला मुसाले जाल काटिभ्याएकोले मृगले ज्यान बचायो ।

परेवाका कारण मुखमा आएको शिकार उम्केको देखेर सिकारी रिसायो र परेवालाई नै समातिर लाग्यो । आफूलाई बचाउन ज्यानको बाजी लगाउने परेवाको जीवन सङ्कटमा परेको मृगले सहन सकेन र खोच्याएको अभिनय गर्‍यो । उता खोच्याएको देखेर शिकारीलाई मृग घाइते भएको रहेछ भन्ने लाग्यो र परेवालाई छाडेर मृग भएतिर दौड्यो तर मृग घाइते भएको थिएन । उसलाई छक्याउन अभिनय गरेको थियो । त्यसैले सिकारी नजिक आइपुग्दासम्म उसले सुइँकुच्चा ठोक्न भ्यायो ।

मृग भागेपछि सिकारीले परेवातिर हेर्‍यो तर परेवा पनि यतिबेलासम्म उडिसेको थियो भने मुसा पनि दुलोभित्र छिरिसकेको थियो । त्यसपछि सिकारी खुइय गर्दै टाउको समातेर घरतिर लाग्यो । यसरी ती तीनले सामुहिक प्रयास गरी विपत्तिबाट ज्यान बचाए । पञ्चतन्त्रमा आएको यस कथामा केकति सत्यता छ त्यो त थाहा छैन तर समूहमा रहेर एकले अर्कोलाई सहयोग गर्ने हो भने विपत्तिबाट बच्न सकिन्छ भन्ने कुरा भने सत्य हो ।

*-रातोपाटी डटकम*





**नामः फ्रान्सिका भट्टराई**
**उमेर : ७ वर्ष**
**स्कुल : सेन्ट कपितानियो स्कुल**

निबन्ध — ज्ञानेन्द्र विवश

# अक्षर, शब्द, किताब र म

अक्षर, शब्द, किताब ! भावनाहरूको यौटा सिलसिला । विचारहरूको यौटा परिच्छेद । अनुभूतिहरूको एक आलेख । जीवनका सुस्केराहरू, प्रकृतिका हजारौं लहरहरू । बयली खेल्दै, कुइनेटो नाघ्दै, देउरालीमा बिसाउँदै म जीवनको लयमा हिँड्छु । शब्द र अक्षरका प्रत्येक फरक अर्थ र अभिप्रायमा आफूलाई सामेल गर्छु ।

एकछिन फुर्सदलाई समातेर शान्त सुस्केरामा खुशीको उत्सव मनाउँछु । शब्दहरूसँग खेल्छु । थाक्दिनँ कहिल्यै । खेलमा हार-जितको क्रम चलिरहन्छ । म सधैं शब्दलाई समातेर, सोचेर त्यसबाट जीवनको सौन्दर्य पस्किने कोशिश गर्छु । अक्षर केलाउँदै, शब्द खेलाउँदै । त्यसबाट म अलिकति चहकिलो, चोखो र विशुद्ध सग्लो रूप निकाल्ने प्रयत्न गर्छु । बियाँ र ढुंगा छान्दै, धुलोहरू फाल्दै शब्दको सौन्दर्य खोज्छु । एउटा अक्षर अर्को अक्षर, एउटा शब्द र अर्को शब्दलाई संयोजन गर्छु । कागजका आवरणभरि तिनलाई बिस्कुन जस्तै फिँजाएर इन्द्रेणी रङको प्रकृति प्रवेश गराउने कोशिश गर्छु । त्यो बिस्कुनमा जीवन पोखाउँछु । प्रकृतिलाई घोल्छु । आफैं त्यसमा पस्छु । शब्द-शब्दका मिठास खोज्दै, बटुल्दै समष्टिगत अनुभूतिको भव्य श्रृङ्खलामा स्थापित हुन्छु । ती सबैलाई एकीकृत पार्दै कृति-किताबको सिर्जना गर्छु । शब्द विचरा कति बलियो छ कि कहिल्यै खिएर नजाने । कहिल्यै लेखेर नसकिने । सधैं नयाँ, सधैं नवीन उत्साहमय जीवन बाँच्ने । खुशीका मुस्कान पस्किरहने । हर्षका भावना व्यक्त गरिरहने । आफ्नो शब्द-सामर्थ्यमा विश्वस्त । 'शब्द' ज्ञानको विराट ज्योतिर्मय आलोक ! अन्ततः त्यहाँ म अक्षर, म शब्द, म किताबमा रूपान्तरित हुन्छु । मेरो त्यो रूप अक्षरको यात्रा, शब्दको यात्रा ! अन्त्यमा किताबमा यौटा सिंगो अनुभवको इतिहास निर्माण गर्छु । त्यसमा समाज खोतल्छु । समाज उधिन्छु । व्यक्ति चिनाउँछु । शब्द र अक्षरको घनिष्ट मित्रतामा चित्रित अनुहार एउटा मायालु विम्ब भएर उपस्थित हुन्छ । म त्यही विम्बमा आफूलाई बिर्सेर आह्लादको यौटा सुखद बिहान बाँच्छु । कति शब्द, कति अक्षरहरू ! त्यसबाट भावको मधुर जीवन्त शब्दहरूलाई कहिले अघिल्लो अनुच्छेदमा, कहिले पछिल्लोमा मिसाउँदै । भाव-गाम्भीर्य, अर्थ-सौन्दर्य र पाठकीय मन छुने पार्न शब्दलाई रङको पालिस गर्दै । विचारको गहिराइमा शब्द-सामर्थ्यको सहारा लिँदै । अनुभूतिलाई प्रत्येक अक्षर र शब्दमा बासनामय, श्रद्धामय मालाको धागोमा उन्दै । त्यसमा पृथक् जीवनको अस्तित्व कायम गर्छु । कहिले-कहिले मनमा विचारका अनेक तरङ्गहरूले छलाङ मार्न खोज्छन् । पौडदै पौडी खेल्दै किनारामा पुगेर एकछिन सुस्ताउँछु । पछाडि फर्केर आफैँलाई हेर्दै म अक्षरहरूका भाव-सौन्दर्यमा एकछिन हराउँछु । मलाई लाग्छ, यी शब्द र अक्षरहरूलाई मैले खेलाउँदै आएको धेरै दशकहरू बितेर गइसके । यीसँग म खेल्दै आएको अब त आधा शताब्दी नै बितिसक्यो । अद्यापि यी शब्द, अक्षर, भावना, अनुभूतिहरूको शैलीबद्ध अभिव्यक्तिहरूमा म आफूलाई प्रकट गरेर थाक्दिनँ । आफूलाई व्यक्त गरेर भावना रित्तिँदैन । शब्द निखिँदैन । अक्षर सिद्धिँदैन । झन् नयाँ शब्दको जन्म हुन्छ । झन् गजबको भाव उत्पन्न हुन्छ । अझै पनि शब्दसँग परिचयको नाता जोड्दै । अझैसम्म अक्षर, शब्दका जोड-घटाउमा अनुभूतिको लेखकीय पहिचान बनाउँछु । यदि शब्दसँग मुटु हुन्थ्यो भने, यदि अक्षरसँग रगत हुन्थ्यो भने म रगतको नाता जोड्थें । शब्दको नजिक पुग्दा म शब्दसँगै धड्किदिन्थें । यदि शब्दसँग आँखा हुन्थे शब्दसँग आँखामा जुधाएर जीवनभरिकै मायाको प्रेम खन्याइदिन्थें ।

तथापि तिनलाई ती अक्षर र शब्दका मानक भावलाई मन लगाएर पढ्दा मन छुने मनहरू छन् । सुख्खा आँखा रसाउने घटनाहरू छन् । अक्षरप्रेमीहरूको कमी महसूस हुँदैन । पाठकीय जनहरूको अभाव छैन । लेख्नेहरू लेखिरहेका मात्र छैनन् । पढ्नेहरू पनि पढिरहेकै छन् । वास्तवमा म शब्दभित्र बाँच्न चाहन्छु ! किताबभित्र पस्न चाहन्छु । यौटा शब्दमा संसार हल्लाउने शक्ति हुन्छ । यौटा अक्षरमा ज्ञानको भण्डार हुन्छ । यौटा किताबमा इतिहासको अभिलेख हुन्छ । तर शब्द मौन छ । शब्दलाई शब्दोच्चारण गर्ने पाठकीय आँखाहरू तर्किँदै गइरहेका छन् । सधैं जस्तै अँध्यारो कोठाको कुनामा थन्किएको छ । धूलो र माकुराको जालोमा पनि मधुर मुस्कान ओढेर बसेको छ । शब्द आइपुग्छ, कहिलेकाहीं मात्रै स्पर्श गर्छ । त्यो स्पर्शले पनि मेरो सिङ्गो लेखकीय अस्तित्व काँपिन्छ । किनकि प्रिय शब्द, प्रिय अक्षर, प्रिय किताब म तिमीलाई बिर्सन कदापि सक्दिनँ । तिमीभित्र पसेर म आफूलाई खोतलखातल पार्छु र त्यसमा जीवनको सारभूत सत्य महसूस गर्छु । म तिमीभित्र पस्न चाहन्छु । तिमी एक्लो छैनौ । तिमीले मलाई पढायौ । तिमीलाई पढेर मैले आफूलाई भेटें । अक्षर, शब्द, किताब र म तर यी सबैको थुप्रो मात्र होइन । कहिल्यै कसैलाई भन्न नसकेका आत्मिक कुरा पनि तिमी हौ । शब्दभित्रको घाउमा मलम म हुँ, म तिमीलाई हर्षको चोखो आँशु झार्न दिने प्रिय साथी हुँ । तिमीलाई खोजेर, छानेर, मिलाएर अर्थपूर्ण अनुभूतिको आकार दिने म शिल्पी हुँ । शब्द तिमी अँध्यारो कोठालाई मौन उज्यालोले भरिदिने सानो दीप हौ । मभित्रको अज्ञानको अन्धकारमा ज्ञानको बत्ती बालिदिने बौद्धिक खुराकीको भण्डार हौ । र, म तिम्रो लेखक, म तिम्रो पाठक, म तिम्रो शुभचिन्तक सबै हुँ । मलाई थाहा छ ? किताबहरू बन्द हुँदा समाज बौलाउन थाल्छ । मौन हुँदा विवेक मर्छ, र नपढिँदा इतिहास बेठीक लेखिन्छ । ज्ञान मर्छ । बुद्धि बुद्धु हुन्छ । जीवन जीवन्त हुन सक्दैन । आस्था हराउँछ । विश्वासमा सन्देह जन्मिन्छ । मिलनमा कुठाराघात हुन थाल्छ । समाज भाँडिन्छ । हामी मन बिसाउँछौं मोबाइलमा । खुशी खोज्छौं मोबाइलमा । एकछिन आँखा डुलाउँछौं मोबाइलमा । तर त्यसरी नै शब्दमा, अक्षर र किताबमा मन जाँदैन । आँखा आकर्षित हुँदैन । पढ्ने बानी मोबाइलले खाइदिएको समय छ । खेल्ने, घुम्ने, भेट्ने र गफिने सबै-सबै आनीबानी मोबाइलले भुल्याइदिएको छ । आपसी हार्दिकता र संवेदनाका आभासहरू मोबाइलको स्क्रिनभित्र कैद हुँदैछन् । तथापि अझै प्रतीक्षामा छ- तिमी एकदिन किताबका पानातिर फर्किने छौ । किनभने म तिम्रो मूल आत्माको स्रोत हुँ । म छु तिमी जन्मिनुअघि लेखिएको सन्देश र तिमी मरेपछि पनि बाँकी रहने सम्झना । मलाई पढ्ने भनेको पृष्ठ पल्टाउनु होइन, त्यो त संवाद हो- तिमी र तिमीभित्रको संसारबीच । म तिमीलाई इतिहास पढाउँछु, कविता सुनाउँछु, दर्शन सिकाउँछु । अन्ततः मान्छे बन्ने कला सम्झाउँछु । र मेरा सिर्जनाकर्ता, लेखक, उनीहरू मौन साधक हुन् । उनीहरूले रातहरू उज्यालो बनाएर मलाई साँचो बनाएका हुन् । उनीहरूको आँशु, पसिना र प्रेमले मेरो हरेक अक्षर चम्किएको छ । यदि तिमीले मलाई पढ्यौ भने, उनीहरूको जीवन पनि पढिन्छ । त्यसैले म फेरि भन्छु- म किताब हुँ । म तिमीलाई एकपल्ट फेरि प्रेम गर्न चाहन्छु । तिमीले मलाई पढेर, मेरो अक्षरभित्रको तिमीलाई चिन्न सक्नुहुन्छ । किनकि म मौन स्वर हुँ । तर तिमीलाई जीवनभर बोलाइरहने । म किताब हुँ । तिमीले नजर लगाउने पल पर्खिरहने । पर्खाइमा पनि मलाई कुनै पट्यार लाग्दैन । ती सबै प्रतीक्षाका धैर्यहरू किताबलाई सप्रेम पढिदिने मायालु मन पाएपछि सकिन्छ । कहिलेकाहीं अक्षरलाई पनि लाग्दो हो- 'म सजीव छु । मेरो शरीर कागजको बनेको हो, तर हरेक अक्षरमा धड्कन लुकेको छ । मलाई कोही पल्टाउँछ, सुम्सुम्याउँछ, अनि भित्रसम्म पसेर हेर्छ- त्यही बेला म बाँच्न थाल्छु । होइन, म त सधैं यहीं थिएँ- शेल्फको कुनामा, धूलोसँग सान्निध्य बनाउँदै । तर म तबमात्र जीवित हुँ, जब मलाई पढिन्छ । म पाठकको हातमा हुन्छु । पाठकको आँखामा पर्छु । पाठकको सिरानीमुनि रहन्छु । प्रत्येकको झोलामा साथै हुन्छु । पाठकको दराजमा सजिन पाउँछु ।' शब्द मैले तिम्रो मौन आवाज सुनेको छु । तिमीले भन्यौ- 'मलाई जन्म दिने प्यारो लेखक ! मभित्र गुम्सिएका रहरहरूलाई प्रकट गरिदिने तिमी नै हौ । तिमी आफ्ना रातहरू जलाएर, मीठा सपनाहरू अधकल्चै राखेर मलाई शब्दमा लेखेका छौ । आफ्नो जीवनका अनुभव, आस्था, आँशु र सपना मभित्र समाहित गराएका छौ । यदि मलाई पढिएन भने, लेखकको जीवन पनि अधुरो रहन्छ । कति वर्षको साधना, समर्पण र अनुभवका अनुभूतिहरू किताबभित्रै सीमित रहन्छ ।' म किताब हुँ । तिमीले अँध्यारोमा समाउन सक्ने उज्यालो, तिमीले मौनता बीच सुन्न सक्ने कथा र एकान्तमा पढेर आफैं उपन्यासको पात्र हुने संयोग । तिमीले सास फेरिरहँदा अनुभूति गर्न सक्ने आत्माको स्वर । अब तिमी मलाई पढिदेऊ । किनकि म, तिमीलाई नै सम्बोधन गर्दै लेखिरहेको छु । तिमी विना म अधुरो । मेरो लक्ष्य अधुरै रहन्छ । भावनामा पोखिनु, लेखनमा व्यक्त हुनु वा अथवा किताबमा प्रकाशित हुनु मात्र ठूलो कुरा होइन । त्यसका लागि पढिदिने पाठकको भूमिका निकै गहिरो हुन्छ ।

*-साहित्यपोष्ट डटकम*

## ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मितिः २०८२/०२/१५**

श्री सेते सार्की र माया सार्कीको छोरा, भिम कुमारी सार्कीको पति, पाल्पा जिल्ला, साबिक मुझुङ गा.वि.स. वडा नं. ०८ (हाल रैनादेवी छहरा गाउँपालिका, वडा नं.-०५) स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने नर बहादुर सार्कीको मिति २०८१/१२/२८ गतेको दिनमा मृत्यु भएकोले निजको नाममा यस कुमारी बैंक लि. पाल्पा शाखामा रहेको बचत खाता नं. ०४०००४८२७९१००००१ र मुद्दती खाता नं. ०४०००४८२७९१००००३ मा मौज्दात रहेको रकम भुक्तानी पाँउ भनी निज खातावालाको श्रीमती भिम कुमारी सार्कीले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय पाल्पा वा प्रधान कार्यालय, नक्साल, काठमाडौंमा हकदावी गर्न आउनु होला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउदछौं ।

**कुमारी बैंक लिमिटेड**
**तानसेन,पाल्पा**
**फोन नं.०७५-५२२६९०**

# रिब्दीकोटमा किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा



**पाल्पा, जेठ १४**/जिल्लाको रिब्दीकोट गाउँपालिका -२ मा रहेको देउराली स्वास्थ्य चौकीलाई किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा घोषणा गरिएको छ । गाउँपालिकाको स्वास्थ्य शाखाको आयोजनामा आयोजित कार्यक्रममा गाउँपालिका अध्यक्ष नारायण कार्कीले उक्त स्वास्थ्य संस्थालाई किशोरकिशोरी मैत्री स्वास्थ्य सेवाको घोषणा गरेका हुन् ।

घोषणा कार्यक्रममा बोल्दै अध्यक्ष कार्कीले किशोरावस्था अलि चञ्चले स्वभावको हुने र सोही अवस्थामा शारीरिक, मानसिक, सामाजिक एवं संवेगात्मक परिवर्तन देखिने भएकाले किशोरकिशोरीहरुले आफुलाई सक्षम रुपमा समाजमा स्थापित गर्नका लागि किशोरकिशोरी मैत्री शिक्षा प्रदान गर्न सम्बन्धित पक्षहरु जिम्मेवार रहनु पर्ने बताए । उनले स्वास्थ्य चौकीहरुमा सेवा सुविधा बृद्धि हुनु र किशोरकिशोरी मैत्री सेवा समेत उपलब्ध हुनु राम्रो कुरा भएको उल्लेख गरे । उनले आफनो पालिका भित्र रहेका सबै स्वास्थ्य चौकीमा प्रभावकारी सेवा र सुविधा विस्तार गर्दै लाने बताए । पालिकाको सम्मृद्धिको आधारहरु मध्य स्वास्थ्य सेवा प्रमुख प्राथमिकतामा रहेको भन्दै उनले कोही पनि नागरिक स्वास्थ्य सेवाबाट बञ्चित हुन नपाउन भन्ने उद्देश्यले गाउँपालिकाको नीति तथा कार्यक्रममा पनि स्वास्थ्य क्षेत्रलाई मुख्य प्राथमिकतामा राखेर बजेट बिनियोजन गरिएको बताए । अध्यक्ष कार्कीले स्वस्थ जीवनबाट मात्र सम्मृद्धिको आधार तय गर्न सकिनेमा जोड दिए ।

किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा घोषणा भैसकेपछि सो संस्थाबाट यौन तथा प्रजनन्, परिवार नियोजन, पोषण, हिंसा, लागुपदार्थ दुर्व्यसन, नसर्ने रोगको रोगथाम, मानसिक समस्या जस्ता सेवाहरु प्रदान गरिने भएको छ । उक्त सेवाबाट किशोरकिशोरीहरुले गोपनीय रुपमा सहज र मैत्रीपूर्ण तरिकाले स्वास्थ्यकर्मीसँग परामर्श गर्न सक्ने प्रमुख प्रशासकीय अधिकृत मणि प्रसाद खनालले बताए । पालिका भित्र पहिलो पटक देउराली स्वास्थ्य संस्थालाई कोशोरकिशोरी मैत्री स्वास्थ्य सेवा घोषणा गरेपछि सोही संस्थाका कर्मचारीहरुले आगामी दिनमा स्वास्थ्य संस्थाबाट प्रदान हुने सेवाहरु पूर्ण रुपमा कोशोरकिशोरी मैत्री हुने भन्दै प्रतिबद्धता जनाएका छन् ।

किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा सञ्चालन निर्देशिका २०७९ दफा ५ अनुरुप गरिएको मूल्याङ्कनका आधारमा स्वास्थ्य संस्थालाई कोशोरकिशोरी मैत्री स्वास्थ्य सेवा घोषणा गरिएको स्वास्थ्य शाखा प्रमुख सुनिल अधिकारीले बताए । सदरमुकाम तानसेनसँगै जोडिएको उक्त संस्थाबाट आगामी दिनमा त्यस क्षेत्रका किशोरकिशोरीहरु प्रत्यक्ष रुपमा लाभान्वित हुने अपेक्षा गरिएको छ ।

## पाल्पाका सुजनले...

...प्रहरीका अनुसार हत्या गर्ने अभियुक्त आफ्नै माइला दाजु सुदीप कोइरालाको हत्या गरेर जेल बसी केही वर्ष अघि संविधान दिवसको दिन आम माफी पाएर छुटेका थिए ।

उनले १३ वर्षअघि दाजुको हत्या गरेका हुन् । दाजुको हत्यापछि शवलाई टुक्राटुक्रा पारी नष्ट गर्ने प्रयास गरेका उनले पछि जिल्ला प्रहरी कार्यालय पाल्पामा दाजु हराएको भन्दै खोजीका लागि निवेदन समेत दिएका थिए । दाजुको हत्यापछि सुजन जेल परेका थिए । त्यसपछि सुजन र दीपाको सम्बन्ध चिसिएको थियो । ०७२ सालमा दीपाले सुजनसँग सम्बन्धविच्छेद गरेकी थिइन् । त्यति बेला सुजन जेलमै थिए । स्थानीयका अनुसार सम्बन्ध विच्छेदपछि दीपाले पाल्पाका शंकर ढकालसँग दोस्रो विवाह गरेकी थिइन् । हाल ढकाल वैदेशिक रोजगारीका लागि विदेशमा छन् । कोइराला जेलबाट छुटेपछि भने यी दुईबिच पुनः हेलमेल हुँदै आएको बुझिएको छ । सम्बन्धविच्छेद भए पनि दीपा र सुजनबिच फोन सम्पर्क र भेटघाट हुने गरेको स्रोतले जनाएको छ । सुजनले आफ्नी श्रीमति बाहिर गएको मौकामा पूर्वपत्नी दीपालाई बुटवल बोलाएका थिए । दीपासँगै हत्या गरिएका दुई बालिका पछिल्लो पतितर्फका हुन् । दीपा एक आफन्तको विवाहका लागि मंगलबार बुटवल गएकी थिइन् । त्यही बेला पूर्वपति सुजनले उनलाई घर बोलाएका थिए । कोइरालाको घरमा मंगलबार राति सुजनसँगै दीपा र उनका दुई छोरीहरू बसेका थिए । प्रहरीका अनुसार बुधबार बिहान ४ बजेतिर सुजनले दीपा र छोरीहरूको धारिलो हतियार चक्कु र हतौडाको प्रयोग गरी हत्या गरे । सुजनको घरमा किचन र्याक बनाउन पुगेका मिस्त्रीले एक महिला र दुई बच्चा (बालिका) भुइँमा ढलेको देखेपछि स्थानीय र प्रहरीलाई खबर गरेका थिए । मिस्त्रीबाट सूचना पाएपछि प्रहरी टोली घटनास्थल पुगेको थियो । छिमेकीका अनुसार जेलबाट निस्किएपछि कोइरालाले कारागारमा निर्मित सामाग्रीहरूको व्यापार गर्दै आएका थिए । प्रहरीले तीन वटै शव पोस्टमार्टमका लागि लुम्बिनी प्रादेशिक अस्पताल लगेको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

**शोकमा तानसेन नगर मातहतका कार्यालय बन्द**

यस्तै तानसेन नगरपालिका वडा नं. ७ मा रहेको कुन्सरे आधारभूत स्वास्थ्य केन्द्रमा अनमी पदमा कार्यरत दीपाको हत्या भएको शोकमा तानसेन नगरकार्यपालिकाको कार्यालय, सम्पूर्ण वडाकार्यालयहरु, स्वास्थ्य संस्था, सेवा केन्द्रहरुमा बुधबार शोक विदा दिइएको थियो । दुई जना छोरीहरुसहित दीपाको हत्या भएकोमा दुख व्यक्त गर्दै नगरपालिकाले शोक मनाएको हो ।

## खेलकुद समाचार

### प्रधानमन्त्री कप भलिबलमा पुलिस फाइनल खेल्ने



**काठमाडौं, जेठ १४**/नवौं प्रधानमन्त्री कप एनभीए भलिबल लिगमा महिलातर्फ नेपाल पुलिस क्लब लिगमा अपराजित रहन सफल भएको छ ।

साविक विजेतासमेत रहेको पुलिसले आज भएको खेलमा न्यु डायमन्ड स्पोर्ट्स क्लबलाई ३-० को सोझो सेटमा हरायो । यो खेलको नतिजापछि पुलिस ५ खेलमा १४ अंकसहित शीर्ष र समान खेलमा न्यु डायमन्ड १२ अंकसहित दोस्रो स्थानमा रह्यो । यी दुई टोलीले भोलि उपाधिका लागि खेल्नेछन् । तेस्रो स्थानका लागि नेपाल एपीएफ क्लब र एभरेस्ट भलिबल क्लबबीच प्रतिस्पर्धा हुनेछ । पुरुषतर्फ गण्डकी प्रदेश र हेल्प नेपालले फाइनल खेल्दा पुलिस र त्रिभुवन आर्मी क्लबले तेस्रो स्थानका लागि खेल्नेछन् ।


**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## शिक्षक आवश्यकता

*प्रकाशित मिति : २०८२/०२/०५*

प्रस्तुत विषयमा यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८२/०२/०५ गतेको निर्णय, तानसेन नगरपालिकाको मिति २०८२/०२/०७ गतेको च.नं. २५00को सिफारिस पत्र र शिक्षा बिकास तथा समन्वय इकाई तानसेन पाल्पाको मिति २०८२/०२/०५ गतेको च.नं. १५२२को विज्ञापन अनुमति पत्रानुसार यस विद्यालयमा प्रथामिक तह तृतीय श्रेणीको राहत शिक्षक पदमा शिक्षक पदपूर्ति गर्नुपरेको हुँदा योग्य नेपाली उम्मेदवारहरु बाट दरखास्त आह्वान गरिन्छ ।

**तपशिल**

**१) विज्ञापन नं.** : ०१/२०८१/०८२, **पद** : शिक्षक , **संख्या** : १ (एक)

**तह** : प्राथमिक तृतीय, **नियुक्तिको किसिम** : राहत

**शैक्षिक योग्यता** : आई.एड. उत्तीर्ण वा सो सरह

**उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको

**तलब स्केल** : प्रचलित नियम अनुसार

**निवेदन दस्तुर** : रु. ७००/- (सात सय रुपैया मात्र)

**दरखास्त दिने अन्तिम मिति** : २०८२/०२/२३ गते विद्यालय समय भित्र

**सम्पर्क मिति** : २०८२/०२/२५ कार्यालय समय भित्र,

**परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।

**परीक्षाको किसिम** : लिखित, प्रयोगात्मक तथा अन्तर्वार्ता

**आवश्यक कागजातहरु** : सम्पर्क नम्बर सहितको हस्तलिखित निवेदन, नेपाली नागरिकताको प्रतिलिपी, सम्पूण शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपीहरु, अध्ययान अनुमतीपत्रको प्रतिलिपी, अनुभवको प्रतिलिपीहरु र परीक्षाको दिन सक्कल प्रमाण पत्र सहित उपस्थित हुनुपर्ने।

(पुनश्चः तोकिएको अवधी भित्र शिक्षक सेवा आयोगको करार सुचिमा सुचिकृत आवेदकले निवेदन दिएमा निजलाई प्राथमिकता दिइनेछ ।)

**थप जानकारीको लागि सम्पर्क नम्बर** : कार्यालय ०७५-५२२१९१, प्र.अ. ९८४७२२४२७१

**श्री बाल ज्योति प्राथमिक विद्यालय**
तानसेन-७, काजिपौवा, पाल्पा

## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचक बढ्यो

**पाल्पा, जेठ १४**/सेयर कारोबार मापक नेप्से परिसूचक बुधबार १७.४४ अंकले बढेर बन्द भएको छ । अघिल्लो दिनको तुलनामा ०.६५ प्रतिशतले बढ्दा समग्र नेप्से २ हजार ६ सय ९३.०६ विन्दुमा पुगेर बन्द भएको छ ।

मंगलबार झिनो अंकले सकारात्मक अवस्थामा बन्द भएको नेप्सेमा बुधबार दोहोरो अंकको वृद्धि भएको हो । सो दिन कारोबारमा आएकामध्ये १४८ कम्पनीको सेयर मूल्य बढ्यो भने ९७ वटाको घट्यो र २ वटा कम्पनीको स्थिर रहयो । ७७ हजार ३ सय १६ पटकको सेयर कारोबारमा २ करोड ७ लाख ५९ हजार ५४७ कित्ता सेयर किनबेच भए । ती किनबेचमा ८ अर्ब ५८ करोड ६० लाख रुपैयाँ बराबरको कारोबार भएको छ । अघिल्लो दिनको तुलनामा कारोबार रकम पनि बढेको हो ।

मंगलबार सेयर बजारमा ६ अर्ब ५२ करोड ७८ लाख रुपैयाँबराबरको कारोबार भएको थियो । बुधबार कारोबारमा आएका १३ उपसमूहमध्ये जीवन बिमा, लघुवित्त, निर्जीवन बिमा र अन्यको परिसूचक घटे । बाँकी सबै उपसमूहको परिसूचक बढेपछि समग्र नेप्से दोहोरो अंकले बढेको हो ।

# न्यूयुथ युनियन कप फुटबल : भगवती युथ क्लव फाइनलमा



**भरत शर्मा**

**पाल्पा, जेठ १४**/ जिल्लाको तानसेनस्थित टुँडिखेल मैदानमा जारी तेस्रो न्यूयुथ युनियन कप फुटबल प्रतियोगिता भगवती युथ क्लब तानसेन फाइनलमा प्रवेश गरेको छ । बुधबार भएको पहिलो सेमी फाइनल खेलमा भगवती युथ क्लब तानसेनले फर्सा टिकट युथ क्लब रुपन्देहीलाई ५-२ गोल अन्तरले पराजित गर्दै भगवती युथ फाइनलमा पुगेको हो । विहीबारको दोस्रो सेमिफाइनल खेल मनोभाग फुटबल क्लब रुपन्देही र दमकडा फुटबल क्लब पाल्पा बिच हुने पाल्पाका फुटबल प्रशिक्षक रितेश मल्लले जानकारी दिए । फाइनल खेल जेठ १७ गते हुनेछ । बिजेता टिमले १ लाख ११ हजार १ सय ११ र उप बिजेता टिमले ५६ हजार ५ सय ५६ पुरस्कार पाउने छन् ।


**गणतन्त्र दिवस, २०८२ भव्यरुपमा मनाऔं**

गणतन्त्र दिवस (जेठ १५ गते) को अवसरमा विभिन्न कार्यक्रमको आयोजना गरौं। लोकतान्त्रिक गणतन्त्रका उपलब्धिलाई संस्थागत गरौं । लोकतान्त्रिक अभ्यासलाई मजबुत बनाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई